# रिब्दीकोट गाउपालिका

# स्थानीय राजपत्र

**खण्डः ७ रिब्दीकोट श्रावण ३, २०८० साल संख्याः १**

**भाग-२**


## रिब्दीकोट गाउँपालिका

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ बमोजिम गाउँकार्यपालिकाले बनाएको तल लेखिए बमोजिम रिब्दीकोट गाउँपालिकाको पाइप वितरण सम्बन्धी कार्यविधि, २०८० सर्वसाधारणको लागि प्रकाशन गरिएको छ ।

## रिब्दीकोट गाउँपालिकाको पाइप वितरण सम्बन्धी कार्यविधि, २०८०

स्वीकृत मितिः २०८०।०३।२२

**प्रस्तावना :**

रिब्दीकोट गाउँपालिका क्षेत्रभित्र सफा र स्वस्थकर खानेपानीको पहुँच सबै गाउँबासीहरुमा पुऱ्याउने उद्देश्यले र व्यवसायिक रुपमा तरकारी उत्पादन गर्न स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी रिब्दीकोट गाउँपालिकाको पाइप वितरण सम्बन्धि कार्यविधि, २०८० बनाईएको छ ।

**१. संक्षिप्त नाम, विस्तार र प्रारम्भ :**

क) यस कार्यविधिको नाम 'रिब्दीकोट गाउँपालिकाको पाइप वितरण सम्बन्धि कार्यविधि, २०८०' रहेको छ ।

ख) यो कार्यविधि रिब्दीकोट गाउँपालिका क्षेत्रभित्र लागू हुनेछ ।

ग) यो कार्यविधि तत्काल प्रारम्भ हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

क) 'गाउँपालिका' भन्नाले रिब्दीकोट गाउँपालिकालाई सम्झनुपर्दछ ।

ख) 'अध्यक्ष' भन्नाले रिब्दीकोट गाउँपालिकाको अध्यक्षलाई सम्झनुपर्छ ।

ग) 'उपाध्यक्ष' भन्नाले रिब्दीकोट गाउँपालिकाको उपाध्यक्षलाई सम्झनुपर्छ ।

घ) 'प्रमुख प्रशासकीय अधिकृत' भन्नाले रिब्दीकोट गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

ङ) 'पाइप वितरण' भन्नाले स्वच्छ पिउने पानी र व्यवसायिक रुपमा तरकारी खेती गर्नको लागि प्रदान गरिने पाइप सम्झनुपर्छ ।

**३.कार्यक्रमको उद्देश्य :**

(क) स्वच्छ खानेपानीको पहुँच पुऱ्याउने ।

(ख) सिंचित क्षेत्रफल बिस्तार गर्ने ।

(ग) विभिन्न कृषि बाली तथा वस्तुहरुको उत्पादन र उत्पादकत्व बृद्धिको लागि सिंचाई सुबिधा बिस्तार गर्न सहयोग पुऱ्याउने,

(घ) सिंचाईका क्षेत्रमा नविनतम प्रविधि अनुसरण गर्ने ।

**४. लक्षित समूह :**

- व्यक्ति/कृषक/कृषक समुह/सहकारी संस्था, निजी कृषि फर्म र कृषि उद्यमी आदि ।

**५. कार्यक्रम संचालन हुने क्रियाकलाप :**

साना सिंचाई पूर्वाधार निर्माण तथा सुधार गरी व्यवसायिक खेती गर्ने लक्षित समूहको कृषियोग्य जमिनमा सिंचाईको सुविधा बढाउनको लागि साना सिचाई पूर्वाधार निर्माण/स्तरोन्नति कार्यक्रमहरु संचालन हुनेछन । यो कार्यक्रम अन्तर्गत कृषि सिंचाई तथा स्वच्छ खानेपानीको लागि आवश्यकता अनुसार पाईप समेत उपलब्ध गराउन सकिनेछ ।

## ६. कार्यक्रम संचालनको तरीका :

- गाउँपालिका कार्यालयले अनुदान कार्यक्रममा सहभागी हुन चाहने कृषक, कृषि फर्म, कृषक समूह र कृषि सहकारीहरुका लागि अनुसूची १ बमोजिमको निवेदन दिनु गर्नेछ ।
- निवेदकहरुबाट पेश भएका निवेदक उपर प्राविधिक समितिले छानबिन गरी छनौट तथा निर्देशक समितिमा छनौटको लागि पेश गर्नेछ ।
- छनौट भइसकेका निवेदकहरुबाट आएका मागको एकिकृत विवरण तयार गरी सो अनुरुप हुने गरी कार्यालयले प्रचलित कानून अनुसार पाइप खरिद गर्नेछ ।
- यसरी खरिद गरिएको पाइप छनौट भएका निवेदकहरुलाई वितरण गरी यसको अभिलेख प्राविधिक/खानेपानी तथा सरसफाई शाखाले राख्नु पर्नेछ ।

## ७. पाइप वितरण समितिको व्यवस्था :

खानेपानीको पाइप वितरण प्रयोजनको लागि देहाय बमोजिम हुने गरी गाउँपालिकास्तरीय समिति रहनेछ ।

| | |
|---|---|
| गाउँपालिका अध्यक्ष | संयोजक |
| गाउँपालिका उपाध्यक्ष | सदस्य |
| कार्यपालिका सदस्यमध्ये १ जना महिला सहित २ जना | सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| प्राविधिक शाखा प्रमुख | सदस्य |
| खानेपानी शाखा प्रमुख | सदस्य-सचिव |

## ८. पाइप वितरण समितिको काम, कर्तव्य र अधिकार :

क) गाउँपालिका क्षेत्रभित्र पाइप आवश्यक घरधुरी पहिचान गर्ने ।

ख) कामको समिक्षा गर्ने ।

ग) खानेपानी मुल सरसफाईको लागि खानेपानी उ.स.लाई आवश्यक

जनचेतना जगाउने ।

ङ) खानेपानी उ.स.समितिलाई कम्तीमा ६ महिना वा १ वर्षमा १ पटक बैठक बोलाउने ।

च).खानेपानी उ.स.लाई काम, कर्तव्य र अधिकार बारे बेला-बेलामा तालिमको आयोजना गर्ने ।

## ९. बैठक तथा सेवा सुविधा :

क. बैठकः कम्तिमा बर्षको एक पटक बस्नेछ ।

ख. सेवा सुविधाः यो कार्यक्रम कार्यान्वयन समितिका पदाधिकारीले कार्यक्रमसँग सम्बन्धित बैठक बाहेक अन्य प्रयोजनको लागि कुनै मौद्रिक सुविधा उपलब्ध गराइने छैन ।

## १०. निवेदन दिनु पर्ने :

पाइप आवश्यक व्यक्तिले आवश्यकताको कारण खुलाई अनुसूची १ बमोजिमको ढाँचामा देहाय बमोजिमको कागजात संलग्न राखी गाउँकार्यपालिकाको कार्यालयमा निवेदन दिनु पर्नेछ ।

१) वडा कार्यालयको सिफारिश,

२) नागरिकता,

३) जग्गाको लालपूर्जा संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि,

४) प्राविधिकको लागत अनुमान,

५) पालिकाको आन्तरिक राजश्व खातामा तोकिए बमोजिमको लागत साझेदारी रकम जम्मा गरेको भौचर,

६) आवश्यक पाइपको परिमाण ।

## ११. अपेक्षित उपलब्धी :

- नागरिकहरुको स्वास्थ्यमा सुधार आउनेछ ।
- तरकारी बालीहरुको उत्पादन र उत्पादकत्वमा बृद्धि हुने ।
- कृषकहरुको व्यवसायिक रुपमा कृषि उत्पादनमा हौसला प्रदान हुनेछ।

## १२. पाइप वितरण अनुदान प्रतिशत र अधिकतम सिमा

- गरीव तथा विपन्न परिवारलाई १०० प्रतिशत अनुदानमा उपलब्ध गराइनेछ ।
- संस्था तथा व्यक्तिगत फर्मलाई ८० प्रतिशत अनुदानमा उपलब्ध गराइने छ ।
- व्यक्तिलाई ६० प्रतिशत अनुदानमा पाईप उपलब्ध गराइने छ ।
- सामुहिक/समुहगततर्फ अधिकतम ४०० मि. पाइप उपलब्ध गराइनेछ ।
- व्यक्तिगततर्फ अधिकतम २०० मिटर पाइप उपलब्ध गराइने छ ।
- सामुहिक खानेपानी तर्फ कम्तिमा ५ जनाको परिवार हुनु पर्नेछ ।

## १३. पाइप वितरण कार्यविधि कार्यान्वयन समयाधि :

आ.व. २०८०।०८१ देखि थालनी गरी आवश्यकताको आधारमा निरन्तर संचालन गर्न सकिनेछ ।

## १४. संशोधन तथा खारेजी:

यो कार्यविधिमा कुनै किसिमको संशोधन तथा खारेजी गर्नु परेमा कार्यपालिकाको निर्णय बमोजिम गर्न सकिनेछ ।

## अनुसुची -१
## अनुदान सहयोग प्राप्त गर्नको लागि दिईने निवेदन

मिति ………………

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू,

रिब्दीकोट गाउँपालिका,

गाउँकार्यपालिकाको कार्यालय, पाल्पा ।

**बिषय : पाइप उपलब्ध गराई दिने बारे ।**

महोदय,

प्रस्तुत विषयमा रिब्दीकोट गाउँपालिकाको मिति ………………………… मा प्रकाशित सूचना अनुसार म/हामी ……………………………………… ले ……………………………………… कार्यक्रम अन्तरगत अनुदान सहयोग प्राप्त गरी……………………………… कार्य गर्न ईच्छा भएकाले निम्नानुसार कागजात राखी निवेदन पेश गरेको छु/छौ । अनुदान सहयोग प्राप्त गरेमा निर्धारित प्रकृया भित्र रही कार्य गर्नेछु/छौ । पुनश्चः तपशिल अनुसारका कागजातहरु यसै निबेदन साथ संलग्न राखेको ब्यहोरा समेत अनुरोध गर्दछु ।

**तपशिल**

१) वडा कार्यालयको सिफारिश,

२) नागरिकता,

३) जग्गाको लालपूर्जा,

४) प्राविधिकको लागत अनुमान,

५) आवश्यक पाइपको परिमाण मिटरमा ।

निबेदक नामः /संस्थाको नाम :

ठेगाना :

दस्तखत :

फोन नं. :

संस्थाको छाप :

आज्ञाले

मदन अर्याल

प्रमुख प्रशासकीय अधिकृत